# कर्जन्हा नगरपालिका

# स्थानिय राजपत्र

खण्ड २ संख्या १२ प्रकाशन मिति : २०८०।०३।२४ गते


## भाग - २

## कर्जन्हा नगरपालिका

### कर्जन्हा नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

लोक कल्याणकारी राज्यको अवधारण अनुसार आर्थिक रुपले विपन्न, निरपेक्ष गरिबिको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, बालबालिका विपन्न, अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, वेवास्तामा परेका जेष्ठ नागरिकको हित, र प्राकृतिक प्रकोपजन्य विपद्बाट पिडित व्यक्तिहरुलाई राहत वितरण गर्न कल्याणकारी कार्य सम्बन्धी कानुन तयार गरी आर्थिक सहायतालाई प्रभावकारी बनाउनबाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम आर्थिक कार्यविधि ऐन, २०७९ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी कर्जन्हा नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद - १**

**संक्षिप्त नाम र प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “कर्जन्हा नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि कर्जन्हा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा,

**क) "नगरपालिका"** भन्नाले कर्जन्हानगरपालिकालाई सम्झनु पर्छ ।

ख) **"नगरकार्यपालिका"** भन्नाले कर्जन्हा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।
**ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति"** भन्नाले आर्थिक रुपले विपन्न भएका, मुटु, मृगौला, मस्तिष्क, फोक्सो, कलेजो जस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवम् क्यान्सर पीडित व्यक्तिहरु, पक्षघात, यौन हिंसाबाट पीडित एवम् वेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला परेको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बेसहारा बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको बालबालिका, एचआईभि एड्सबाट संक्रमित बालबालिका, बेसहारा, बृद्धबृद्धा तथा विशेष कारणवश बेखर्ची भएका नागरिक, घर गोठ जलेर क्षति भएका एवम् बाढी पहिरोबाट पीडित नगरवासी, चट्याङ्ग, आगलागी जस्ताप्राकृतिक एबं मानवीय प्रकोपमा परि जोखिममा रहेका नागरिकलाई सम्झनु पर्दछ ।

**घ) "प्रमुख"** भन्नाले कर्जन्हा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

**ङ) "उप-प्रमुख"** भन्नाले कर्जन्हा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

**च) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कर्जन्हा नगरपालिका, नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद - २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :** (१) कर्जन्हा नगरपालिकामा स्थाई बसोबास गर्ने आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क, पक्षघात) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

**स्पष्टिकरण**: "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, नगरपालिकाको स्वास्थ्य संयोजकको सिफारिश लगायतका कागजात बुझ्नु पर्दछ ।"

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन माथि दफा ११ बमोजिम गठित समितिले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रु.५०००।- देखि बढीमा रु.२५,०००।- (पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**४. हिंसा पीडित तथा मानव वेचविखनमा परेकालाई सहायताः** (१) यौन हिंसाबाट पीडित एवम् बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गर्न समितिको निर्णयानुसार बढीमा रकम रु. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवम् पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न र पीडित वालबालिकालाई सहायता :** (१) बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पीडित भएको, बावु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुरर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बावु आमा वा संरक्षणबाट बञ्चित, अपाङ्गता भएको, सुस्त मनस्थिति भएको, सडक बालबालिका, एचआईभि एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि समितिको सिफारिस अनुसार रु.५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षा दिक्षाको लागि सामुदायिक वा संस्थागत बिद्यालयसँग समन्वय गरी छात्रबृति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

**६. खेलकुद तथा सांस्कृतिक कार्यक्रम संचालन सम्बन्धी सहायताः** (१) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागी हुने खेलाडी तथा स्थानीय रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लब तथा संघ संस्थालाई समितिको सिफारिस बमोजिम देहाय अनुसार आर्थिक सहायता उपलब्ध गराईनेछ ।

(क).स्थानीय स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रमको लागि रु.५०००।- देखि बढीमा रु.१००००।- (दश हजार) सम्म ।

(ख).जिल्ला स्तरमा संचालन हुने खेलकुद तथा कार्यक्रम लागि रु.११०००।- देखि १५०००।- (पन्ध्र हजार) सम्म ।

(ग).प्रदेश तथा राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद कार्यक्रमका लागि रु.१६०००।- देखि बढिमा रु.२५०००।- सम्म

(घ).अन्तर्राष्ट्रिय स्तरमा संचालन हुने खेलकुद कार्यक्रमका लागि कार्यपालिकाले निर्णय गरे बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिक सहायताः** साठी वर्ष उमेर पुगेका व्यक्तिलाई आफ्ना परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी, तथा अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि नगरपालिका निवेदन पेश गरेमा र निवेदन मानसिव भएमा रकम रु. २०००।- (दुई हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

तर नगरपालिकाबाट नियमित सामाजिक सुरक्षा भत्ता रकम बुझ्ने नागरिकको हकमा यो सुविधा उपलब्ध हुने छैन ।

**८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायता :** (१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारण मृत्यु भई सो को पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे शव फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न वा अति विपन्नले सदगत काजक्रिया गर्न प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा नगर कार्यपालिकाले मानसिव ठहराएमा एकमुष्ट रुपमा रु. १५,०००।- (पन्ध्र हजार) आर्थिक सहायता दिन सकिने छ ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिश गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यवसाय नभएको व्यक्तिलाई सिफारिश गर्नु पर्ने छ ।

**९. विपद् कार्यमा सहायताः** (१) बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि नगरपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव देखीएमा समितिले तपशिल बमोजिम राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

क).प्राकृतिक प्रकोपबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको नजिकको हकदारलाई काजक्रिया वापत प्रति व्यक्ति रु.१५०००।- (पन्ध्र हजार) सम्म ।

(ख).प्रकोपबाट घरबास भत्किई आंशिक वा पूर्ण क्षति भएमा अवस्था हेरी दैनीक जिवीकोपार्जन तथा पुनर्स्थापनका लागि राहत स्वरुप रु.५०००।- देखी बढिमा रु.१५०००।- सम्म ।

(ग)प्राकृतिक र मानवीय प्रकोपमा परी अंगभंग भई आंशिक वा पूर्ण अशक्त अपाङ्ग भएमा रु.५०००।- देखि बढिमा रु.२५०००।- (पच्चीस हजार) सम्म ।

(घ)प्रकोपबाट बालीनाली आंशिक वा पुरै नष्ट भएमा क्षतिको अवस्था हेरी रु.२०००।- देखि रु.१००००।- (दश हजार) सम्म ।

(ङ).प्रकोपबाट पशु तथा चौपाया मृत्यु भएमा अवस्था हेरी रु.२०००।- देखि रु.१००००।- (दश हजार) सम्म ।

(२) उपदफा १ बमोजिमको आर्थिक सहायता प्राप्त गर्नका लागि पिडित व्यक्तिले स्थानीय प्रहरी मुचुल्का, सम्बन्धित वडाको सिफारिस, नागरिकताको प्रतिलिपि, घटनास्थलको स्पष्ट तस्विर सहित नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद-३
## कोषको व्यवस्था तथा सञ्चालन

**१०. आर्थिक सहायता तथा उपचार सहयोगको लागि कोषको व्यवस्थाः** (१) यस कार्यविधि अनुसार आर्थिक सहयोग उपलब्ध गराउन, उद्दार तथा पुनर्स्थापना गर्ने प्रयोजनको लागि एक कल्याणकारी सहायता कोषको स्थापना गरिनेछ । सो कोषमा देहाएको रकम जम्मा गरिनेछ ।

(क) संघीय सरकार, प्रदेश सरकार, नगर सभाबाट विनियोजन भएको रकम,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्था, व्यक्ति तथा निजि क्षेत्रबाट आर्थिक सहायताको लागि प्राप्त जुनसुकै अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्दार, राहत तथा पुनर्स्थापनाको लागि प्राप्त जुनसुकै रकम,

**११. कोष सञ्चालन समिति, कोष सञ्चालन तथा लेखापरिक्षणको व्यवस्थाः** (१) दफा १० अनुसारको नगरपालिकाको कल्याणकारी सहायता कोषबाट रकम खर्च गर्न र सहायतामा दिईएको रकमको अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ ।

क.प्रमुख - अध्यक्ष

ख.उप-प्रमुख - सदस्य

ग.प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ. नगर प्रमुखले तोकेको नगर कार्यपालिका सदस्य - सदस्य

ङ. प्रशासन शाखा प्रमुख - सदस्य

च. नगरपालिकाको स्वास्थ्य शाखा संयोजक - सदस्य

छ. विपद् व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

(२) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।(३) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(४) कोषको लेखा परिक्षण नगरपालिकाको खर्चको लेखापरिक्षण गर्न तोकिएको निकायबाट हुने छ ।

**१२. परामर्श तथा सहयोग लिन सक्ने:** (१) समितिले यस कार्यविधि बमोजिम आफ्नो कार्य सम्पादन गर्दा सम्वन्धित क्षेत्रका उपयुक्त सम्झेका व्यक्ति तथा निकायहरुसँग आवश्यक परामर्श तथा सहयोग लिन सक्नेछ ।

**१३. पारदर्शीता र जवाफदेहिता:** कोषबाट प्रदान गरिएको आर्थिक सहायता रकमको खर्चको विवरण चौमासिक रुपमा सार्वजनीक गरिने छ । साथै कार्यालयको वेबसाईटबाट समेत उल्लेखित व्यहोरा जानकारी गराईनेछ । सम्वन्धित सरोकारवालाहरुबाट कुनै जिज्ञासा तथा जानकारी माग भएमा समिति तथा नगरपालिकाबाट आवश्यक विवरण उपलब्ध गराईने छ ।

## परिच्छेद - ४
## आर्थिक सहायता सम्वन्धी विशेष व्यवस्था

**१४. सहायता सम्वन्धी विशेष व्यवस्था:** नगर क्षेत्र भित्रका लब्ध प्रतिष्ठित ब्यक्ति वा परिवारलाई गरिने सहयोग सम्बन्धी ब्यबस्था देहाय बमोजिम हुनेछ :

क) नगरको सामाजिक, आर्थिक, राजनैतिक, साहित्य, साँस्कृतिक, कला, विज्ञान, स्वास्थ्य, शैक्षीक, पूर्वाधार विकास जस्ता विषयमा उल्लेख्य योगदान दिने व्यक्तिलाई निजको पारिवारिक, स्वास्थ्य अवस्था नाजुक भएको भन्ने देखिएमा यसै कार्यविधिमा व्यवस्था भए बमोजिमको कोषको अवस्था हेरी एक पटकका लागि मात्र बढीमा रु. २५,०००।- (पच्चीस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख) नगरपालिकाको कार्यालयको काममा वा कार्यालयको काममा आउँदा वा फर्किदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना भई बिरामी भएमा, घाईते भएमा निज वा निजको हकवालालाई बढिमा रु.२५०००।- र मृत्यू भएमा निजको हकवालालाई बढिमा रु.१०००००।- (एक लाख) रुपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ग) यस कार्याविधिको दफा १४ (क) र (ख) बमोजिम उपलब्ध गराइने आर्थिक सहायताको निर्णय समितिको सिफारिस बमोजिम कार्यपालिकाबाट निर्णय गरी उपलब्ध गराइनेछ ।

**१५. निवेदनको ढांचा :**आर्थिक सहायता सम्बन्धि निबेदनको ढाँचाअनुसूची-१ बमोजिम हुनेछ ।

**१६. अधिकार प्रत्यायोजन गर्न सकिने:** यस कार्याविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको आफ्नो अधिकार समिति र नगर कार्यपालिकाले नगर प्रमुखलाई दिन सक्नेछ ।

तर दफा १४ बमोजिमको अधिकार प्रत्यायोजन हुने छैन ।

**१७. एक पटक मात्र आर्थिक सहायता उपलब्ध हुन सक्ने :**यस कार्यविधि बमोजिम स्थापित कोषबाट प्रदान गरिने आर्थिक सहायता एकै व्यक्तिलाई एउटै प्रकृतीको घटनामा एक बर्ष भित्र एक पटक मात्र उपलब्ध गराईनेछ ।

## परिच्छेद - ५
## विविध

**१८. संसोधन तथा परिमार्जनः** यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संसोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**१९. खारेजी तथा बचाउः**१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसंग बाझिएको हकमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

२) नगर कार्यपालिकाबाट यस आर्थिक बर्षमा आर्थिक सहयोग सम्वन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची - १

## निवेदनको ढाँचा

## (बुंदानं. १५ संग सम्वन्धित)

**मितिः-**

**श्रीमान् प्रमुख/प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**कर्जन्हा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**कर्जन्हा, सिरहा ।**

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................... रोगले ग्रसित भई/प्रकोमा परि ..................................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं।उपचारर ............................... को लागि म र मेरा परिवारको आर्थिक अवस्था नाजुक भएकाले सो को लागि आर्थिक सहायता उपलब्ध गराइदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न गरी निबेदन गर्दछु/छौं ।

**संलग्न कागजात :**

१. आर्थिक रुपले विपन्न भएको सिफारिस तथा प्रमाणित प्रतिलिपि ।

२. नागरिकता/जन्म दर्ता/विवाह दर्ता/ ...... ..... को प्रतिलिपि ।

३. अस्पताल/सम्बन्धित निकायको रिपोर्ट ।

४. वडा अध्यक्ष/स्वास्थ्य संयोजक/ सम्बन्धित निकायको जिम्मेवार पदाधिकारीको सिफारिस ।

**निबेदक**

प्रमाणिकरण मिति : २०८०।०३।२४

आज्ञाले
बुद्धिमान दनुवार
प्रमुख प्रशासकीय अधिकृत